# गाउँपालिका अध्यक्ष नगेन्द्र बहादुर बिष्टले गाउँ सभामा प्रस्तुत गर्नु भएको

## नरहरिनाथ गाउँपालिकाको आर्थिक बर्ष २०८२/०८३ को

# नीति तथा कार्यक्रम

## नरहरिनाथ गाउँपालिका
## २०८२ असार १० गते

"शिक्षा,स्वास्थ्य, कृषि,पर्यटन र पूर्वाधारः नरहरिनाथ गाउँपालिकाको विकास र समृद्धिको आधार "

Website: naraharinathmun.gov.np Email: naraharinathgapa@gmail.com ito.naraharinathmun@gmail.com

# नरहरिनाथ गाउँपालिका

## आर्थिक वर्ष २०८२।८३ को नीति तथा कार्यक्रम

**गाउँसभाका सदस्यज्यूहरू,**

नरहरिनाथ गाउँपालिकाका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, गाउँसभाका सम्पूर्ण सदस्यहरू, पूर्व जनप्रतिनिधीहरू, कर्मचारी, पत्रकार, सुरक्षाकर्मी तथा सम्पूर्ण उपस्थित महानुभावहरुमा सर्वप्रथम नरहरिनाथ गाउँपालिकाको सत्रौं अधिवेशनमा हार्दिक स्वागत गर्दछु।

मुलुकको लोकतान्त्रिक शासन प्रणाली र नेपाली समाजको अग्रगामी रूपान्तरणका लागि भएका ऐतिहासिक जनआन्दोलन तथा सशस्त्र संघर्ष लगायतका विभिन्न आन्दोलनका क्रममा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूप्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। घाइते तथा बेपत्ता नागरिक लगायत आन्दोलनमा सहयोग एवं योगदान पुऱ्याउनु हुने सम्पूर्ण दाजुभाई र दिदीबहिनीहरु प्रति उच्च सम्मान प्रकट गर्दछु। साथै, सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि अग्रपङ्क्तिमा रहेर नेतृत्व गर्नुहुने नेतृत्वकर्ता एवम् सम्पूर्ण देशभक्त नागरिकले राष्ट्र निर्माणमा पुऱ्याएको योगदानलाई स्मरण गर्न चाहन्छु।

प्रत्येक नेपालीलाई आफ्नो इतिहास र स्वाभिमान, संघर्ष र बलिदान, परिवर्तन र उपलब्धिप्रति गौरव बोध गराउन, जनतामा राज्यप्रति थप आशा र भरोसा पैदा गर्न, गाउँपालिकामा आर्थिक गतिशीलता बढाउन, भ्रष्टाचार विरुद्ध शुन्य सहनशीलता कायम गर्दै सुशासन कायम गर्ने र दण्डहीनताको अन्त्य गर्ने दिशामा गाउँपालिका लागि परेको छ।

सम्वत् २०७९ साल बैशाख ३० गते सम्पन्न भएको स्थानीय तहको निर्वाचनबाट निर्वाचित भई कार्यभार समालेको तीन बर्ष पुरा भएको छ ।यस अवधिमा गाउँपालिकाको विकास सुव्यवस्थापन र सुशासन कायम गर्ने दिशामा निकै दुर्गामी र महत्वपूर्ण प्रभाव पर्ने कार्यहरुको थालनि गरिएको छ ।यस कार्यमा गाउँपालिका वासी तथा सरोकारवाला निकायहरुबाट भएको सहयोग सहकार्य र समन्वयका लागि नरहरिनाथ गाउँपालिका धन्यवाद ज्ञापन गर्दछ ।

**अब म यस सम्मानित सभामा चालु आर्थिक बर्ष २०८१/०८२ को नीति तथा कार्यक्रमको प्रगतिको सारसंक्षेप प्रस्तुत गर्ने अनुमति चाहान्छु ।**

१. गाउँपालिकाको प्रशासकीय भवन निर्माण योजनाको कार्य सम्पन्न भई सम्पूर्ण प्रशासनीक कार्यहरु प्रशासकीय भवनबाट सेवा प्रवाह भइ रहेको छ ।

२. चालु आर्थिक बर्षमा भौतिक पूर्वाधार तर्फ कच्चि सडक बिस्तार करिब १३ किलोमिटर निर्माण कार्य सम्मन्न गरि सडक संचालनमा रहेकोछ । भौगोलिक जटिलताका कारण लामो समय देखि निर्माण हुन नसकेको रहगाड झोलुङ्गे पुल निर्माण भई सञ्चालनमा आइसकेको र अन्य बाकीं ३ वटा झोलुङ्गे पुल, भवन साना ठुला गरी ८ वटा, खानेपानी तर्फ ६ वटा आयोजना, सिचाई कुलो तथा पोखरी र अन्य विभिन्न आयोजनाहरु निर्माण गरिएका छन ।

३. संघीय सरकार, प्रदेश सरकार र गाउँपालिका र अन्य विकास साझेदार सघ संस्थाहरुबाट विनयोजन भई आ.व. २०८१/०८२ मा सञ्चालित योजनाहरु मध्ये ३ वटा ठेक्का मार्फत सञ्चालन भएका र अन्य उपभोक्ता समिति मार्फत वडामा सञ्चालन भएका १०७ वटा योजना गरी हाल सम्म ११० वटा योजना समपन्न भई सकेका छन ।

४. एक एक पाईला फाउन्डेसनको सहयोग र नरहरिनाथ गाउँपालिकाको समन्वयमा विशेषज्ञ सहितको बृहत स्वास्थ्य शिविर योगी नरहरिनाथ आधारभूत अस्पतालमा सम्पन्न भई जसबाट छिमेकी पालिका सहित झण्डै ५ हजार भन्दा बढि विरामीहरुले विशेषज्ञ सहितको सेवा प्राप्त गरि लाभन्वित भएका छन।

५. गाउँपालिका बासिहरुलाई गुणस्तर स्वास्थ्य सेवा प्रवाह गर्नका लागि संघीय सरकार १५ सैयाको अस्पताल निर्माण गर्ने अवधारणा अनुरुप योगी नरहरिनाथ आधारभूत अस्पताल घोषणा गरिसकेको र भौतिक पूर्वाधार निर्माण गर्नका लागी ठेक्का प्रकृया अन्तिम चरणमा रहेको छ ।

६. गाउँपालिका वडा नं.१ देखि ९ सम्म क्षयरोग स्कृनिङ्ग तथा स्वास्थ्य, स्क्रफ टाइफस, डेङ्गी, मलेरीया, अपाङ्गता पहिचान, ५ बर्ष मुनिका कुपोषित बालबालिकाहरुको पहिचान र अन्य विभिन्न सर्ने तथा नसर्ने रोगहरुको (Active Case Detection) घुम्ति शिविर संचालन गरिएको छ ।

७. विद्यालय स्वास्थ्य कार्यक्रम अन्तर्गत विद्यार्थीहरुको आँखा जाँच तथा परीक्षण, महिलाहरुको पाठयघर मुखको क्यान्सर सम्बन्धी शिविर संचालन गरिएको छ साथै पुरुष स्थायी बन्ध्याकरण सम्बन्धि शिविर संचालन गरिएको छ।

८. नागरिकता प्राप्त गर्न सेवाग्राहीहरुलाई झनझटिलो हुने  र Digital Nepal को अवधारण अनुरूप Paper Less गर्ने उद्देश्यले जिल्ला प्रशासन कार्यालय कालीकोटको आवश्यक समन्वय तथा सहजिकरण र गृह मन्त्रालयको सहयोगमा केन्द्रीकृत नागरिकता सूचना व्यवस्थापन अन्लाईन प्रणाली चालु आर्थिक बर्षको चैत्र महिनाबाट सुरुवात भइ हाल सम्म १७५ जनाले सेवा प्राप्त गरेका छन् ।

९. प्रधानमन्त्री रोजगार कार्यक्रम र मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ३९७ जना रोजगारीमा संलग्न भई १८ वटा विभिन्न प्रकृतिका आयोजनाहरुको निर्माणा भई यस गाउँपालिकाको विकासमा थप सहयोग पुगेको छ ।

१०. नरहरिनाथ गाउँपालिका वडा नं.१ मा रहेको श्री नन्दादेवी मा.वि. कोटवाडा प्रदेश सरकार सामाजिक विकास मन्त्रालयबाट एक जिल्ला एक नमुना विद्यालय अन्तर्गत कालिकोट जिल्लाको नमुना माध्यमिक विद्यालयको रुपमा छनौट भई चालु आ.व.मा भौतिक लगायत शैक्षिक सामाग्रकीको बन्दोबस्त कार्य अन्तिम चरणमा रहेकोछ ।

११. महालेखा परीक्षकको कार्यालयको बासट्ठिऔ प्रतिवेदनमा अनुसार प्रत्येक वर्ष बेरुजुको ग्राफ बढ्दै जाँदा यस आ.व.मा मात्रै झण्डै ३ करोड बरुजु सम्परीक्षणका लागि NAMS मा प्रविष्ट गरी बेरुजु कम गर्नका लागि गाउँपालिकाको लेखा समिति सँग बैठक बसि बेरुजु फर्छ्योटका  लागि प्रतिवेदन तयार गरि निरन्तर १६औं हिउँदे गाउँ सभामा पेश गरिएको छ ।

१२. कृषि तथा कृषि जन्य पदार्थलाई बजारीकरण गर्न खाद्य संस्थान सँग र नागरिकहरुलाई घरआगनमै नुनको सेवा उपलब्ध गराउने हेतुले खाद्य व्यापार कम्पनी साल्ट ट्रेडिङ्ग लिमिटेड संग सम्झौता पत्रमा हस्ताक्षर भईसकेको छ।

१३. गाउँपालिका, सैने खोला हुदैं नुवादेवमाडू चसु थेप्चे बडिमालिका सम्म पर्यटकीय सडक निर्माण योजनाको कार्य निर्माणाधिन कार्य दुर्त गतिमा निरन्तर अगाडी बढी रहेको छ ।

१४. विश्वकुना पिपल रुख थाडुमाडु देखि रामारोशन सम्म पर्यटकीय सडक निर्माण योजनाको कार्य निर्माणाधिन कार्य दुर्त गतिमा निरन्तर अगाडी बढी रहेको छ ।

१५. गाउँपालिका देखि वडा नं. ४ र ५ को रुप्सा जोड्ने सडक निर्माणाधिन कार्य दुर्त गतिमा निरन्तर अगाडी बढी रहेको छ ।

१६. गाउँपालिकाको केन्द्र कुमालगाउँ देखि योगी नरहरिनाथ आधारभूत अस्पताल हुदै वडा नं. ६ माल्कोट र लालु जोड्नका लागि छेडा सम्म ट्र्याक खोल्ने कार्य समपन्न भई स्तरोन्नतीको कार्य भईरहेको छ।

१७. कृषि तथा पशुपंक्षी सेवा तर्फ स्याउ, ओखर, मकै र दलहन बाली प्रर्वद्धन कार्यक्रम लागत साझेदारीमा संचालन गरी कृषकहरुलाई व्यवसायीक खेति तर्फ आवद्ध गर्ने कार्यहरु गरिएका छन ।साथै खोरेत, पि.पि.आर, रेविजको खोप कार्यक्रम संचालन गरि करिब १८,००० पशुहरुका लागि सेवा प्रदान गरिएको छ।

१८. नेपाल विद्युत प्राधिकरण कालिकोट वितरण केन्द्रको पहल र यस गाउँपालिकाको समन्वयमा वडा नं. १, २, ३, ४, ६, ८ र ९ गाउँपालिकाको केन्द्र सम्म राष्ट्रिय प्रसारण लाइन बिस्तार तथा जडान भएको छ बाकी रहेका वडाहरुमा नयाँ आर्थिक बर्ष भित्र बिस्तार कार्य समपन्न गरि विद्युत सेवा प्रदान गरिनेछ । साथै नेपाल टेलिकमको टावरमा बत्ति जडान कार्य सम्पन्न भई दूरसञ्चार सेवामा थप टेवा पुगेको छ ।

१९. खुलालु-लालु माल्कोट लामा राइटा सर्गा हुदैं वडा नं. ७ को धाँचु सम्म र विश्वकुना पिपलरुख थाडीमाडु हुदै वडा नं. ७ को रातिमाट सम्म सडक सञ्जाल जोडि संचालनमा ल्याइएको छ ।

२०. छेपाडेखर्क देखि अछाम जोड्ने अन्तरप्रादेशिक सडक निर्माण कार्य सुरु भएको छ ।

२१. नरहरिनाथ गाउँपालिकामा संचालन गरिएका व्यवसायिकहरुका लागी स्थानीय तहबाट आर्थिक ऐनमा भए बमोजिम उद्योग तथा बाणिज्य तर्फका फर्मलाई स्थानीयस्तर बाट नै दर्ता तथा नविकरणको सेवा प्रवाह गरि करको दायरामा वृद्धि गरिएको छ ।

२२. नागरिकको खाद्य सुरक्षाको हकलाइ सुनिश्चित गर्नका लागि गाउँपालिकाको बजार अनुमन समितिले बजार क्षेत्र आसपासमा जनचेतनामुलक कार्यक्रम र बजार अनुगमन गर्ने कार्यको थालनी गरिएको छ ।

२३. खरिद कार्यलाई निश्पक्ष, बस्तुनिष्ट, पारदर्शि बनाउनका लागि गाउँपालिबाट खरिदका लागि विनियोजित भएको बजेटबाट हुने कार्यका लागि सम्पूर्ण खरिदका कार्यहरु विद्युतिय बोलपत्र आह्वानबाट खरिद कार्य गरिएको छ साथै संघीय सरकार प्रदेश सरकार र गाउँपालिकाबाट विनियोजन भएको भौतिक पूर्वाधार निर्माणका सम्पुर्ण योजनाहरुको विद्युतिय बोलपत्र आह्वान बाट कार्यहरु संचालन गरिएको छ ।

२४. स्वास्थ्य क्षेत्र अन्तर्गत स्वास्थ्य सुधार कार्यक्रम,पूर्ण खोप सुनिश्चितता गाउँपालिका घोषणा, दिर्घ रोगीको लागि वितरण गरिने रकम सोधभर्ना र बर्थिङ्ग सेन्टर निर्माण, राष्ट्रपति सुत्केरी उद्वार कार्यक्रमबाट सुत्केरीको उद्वार कार्यक्रम संचालन गरिएको छ ।

२५. सामुदायीक विद्यालयहरुको कक्षा तथा तह समायोजन गरि संख्यात्मक बोझलाई कम गरि गुणस्तरियतामा जोड दिन १७ वटा विद्यालयको कक्षा तथा तह समायोजन गरिएको छ ।

२६. विद्यालयमा आवश्यक जनशक्तिको व्यवस्थापन गर्न विद्यार्थिको संख्या र अन्य आवश्यक्ता हेरि शिक्षकलाई कामकाजमा खटाइएको छ ।

२७. उद्योग विकास शाखाको समन्वयमा वडा नं. ४ मा मौरी पालन सम्बन्धी सीप विकास तालिम, वडा नं. ८ मा दाल्मोट उत्पादन सम्बन्धी सीप विकास तालिम र वडा नं. ३ मा टमाटर तथा चिल्ली सस उत्पादन संचालन सम्बन्धि सीप विकास तालिम संचालन गरि सम्पन्न भएको छ ।

२८. संचालनमा रहेका व्यावसायीकहरुका लागि नीतिगत व्यवस्था बारे अभिमुखिकरण कार्यक्रम संचालन गर्दै स्थानीय बजारको अनुमन गरिएको छ ।

**धन्यवाद !**

**गाउँसभा सदस्यज्यूहरू,**

**अब म आगामी आर्थिक बर्ष २०८२/०८३ को गाउँपालिकाको समग्र नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमती चाहन्छु ।**

**गाउँपालिकाको समग्र नीति**

१. **"स्थानीय तहको जिम्मेवारी, मिशन रोजगारी, सरोकारवाल सबैको साझेदारी"** कार्यक्रम सञ्चालन गरिनेछ ।

२. **"आ.ब. २०८२/०८३ को कार्यक्रम तथा नीति : नरहरिनाथ गाउँपालिकाको विकास र समृद्धि" ।**

३. गाउँपालिकाको सडक गुरुयोजना निर्माण गरी गाउँपालिका भित्र भएका सम्पुर्ण पूर्वाधारहरुको डिजिटल प्रोफाइल तयार गरी एकीकृत विवरण संकलन गरिनेछ ।

४. नरहरिनाथ गाउँपालिकाको निर्माणाधिन अवस्थामा रहेको रिङ्गरोडको कार्यलाई तीब्ररुपमा अगाडि बढाई सबै वडा तथा गाउँ वस्तीलाई पालिका संग जोडिनेछ साथै गाउँपालिका बासिहरुलाई निरन्तर रुपमा सहज यातायातको पहुँचमा पुऱ्याउन, सडक निर्माण तथा सुधारका कार्यहरु छिटोछरितो गर्नका लागि सडक एम्बुलेन्सलाई निरन्तरता दिइनेछ ।

५. गाउँपालिका बासिहरुलाई गुणस्तर स्वास्थ्य सेवा प्रवाह गर्नका लागि संघीय सरकारको १५ सैयाको अस्पताल निर्माण गर्ने अवधारणा अनुरुप प्राथमिक स्वास्थ्य केन्द्र कुमालगाउँलाई योगी नरहरिनाथ आधारभूत अस्पताल घोषणा गरिसकेको हुदाँ भौतिक पूर्वाधार निर्माण गर्नका लागि संघीय सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सँग आवश्यक समन्वय तथा सहजिकरण गरि यसै आर्थिक बर्ष भित्र ठेक्का प्रक्रिया अगाडी बढाइनेछ ।

६. नरहरिनाथ गाउँपालिका बासिहरुलाई विद्युतको पहुँच पुगेका वडाहरुमा थप विस्तार गरिने र बाकिँ रहेका वडाका टोल बस्तिहरुमा राष्ट्रिय प्रसारण लाइन विस्तार गरि विद्युत जडानका लागि आवश्यक पहल गरिनेछ ।

७. नरहरिनाथ गाउँपालिका वडा नं. १,२,३ र गाउँपालिकाको केन्द्र कुमालगाउँमा अप्टिकल फाइबर ईन्टरनेट पुगिसकेको र बाकिँ रहेका वडा तथा सरकारी कार्यालयहरुमा आगामी आर्थिक बर्ष २०८२/०८३ मा अप्टिकल फाइबर ईन्टरनेट जडान तथा विस्तार गर्नका लागि आवश्यक पहल गरिनेछ ।

८. आगामी आर्थकि बर्ष २०८२/८३ को साउन महिना देखि खरिद गरिएका विभिन्न सफ्टवयेर **(दर्ता चलानी, योजना तथा कार्यक्रम व्यवस्थापन सम्झौता प्रणाली, बैठक प्रणाली, मासिक प्रगति प्रतिवेदन प्रणाली, जेष्ठ नागरिक/अपाङ्ग व्यक्ति विवरण अभिलेख प्रणाली)** सञ्चालनका गर्नका लागि आवश्यक बजेट विनियोजन गरि सूचना प्रविधि सम्बन्धी वडा सचिव र शाखा प्रमुखहरुलाई क्षमता विकास तालिमको व्यवस्था गरि पूर्ण रुपमा सञ्चालनमा ल्याइने छ ।

९. गाउँपालिकाको पदाधिकारी र कर्मचारीहरुको आचरण, क्रियाकलापहरु जनभावना अनुकुल गर्न गराउन पदाधिकारीहरुको आचारसंहिता र कर्मचारीको पेशागत आचारसंहिता तयार गरि पुर्ण रुपमा कार्यान्वयन गरिनेछ ।

१०. गाउँपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा प्रचलित कानुनको अधिनमा रही ऐन, नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई पुर्ण रुपमा कार्यान्वय गरिनुका साथै आवश्यकता अनुसार संशोधन गरिनेछ ।

११. योगदनमा आधारीत सामजिक सुरक्षा कोषमा करार कर्मचारी तथा ज्यालादारी श्रमिकहरुलाई आवद्ध गरिनेछ ।

१२. जनयुद्ध जनआन्दोलन सहिद तथा घाईते अपाङ्गता भएका घरपरिवारहरुलाई आयआर्जन तथा सीपमुलक कार्यक्रम संचालन गरिनुका साथै उक्त परिवारहरूलाइ सम्मान गरिनेछ ।

१३. शिक्षा क्षेत्रमा विद्यालयहरुलाई थप व्यवस्थित वनाउका लागि नन्ददेवी मा.वि कोटवाडा, रमा मा.वि कालाशिल्ला, जनता मा.वि रुप्सा, शान्ति मा.वि रातिमाटा, नन्ददेवी मा.वि. सेरापाटा र जनप्रभात मा.वि. लालको गुरूयोजना तयार गरिनेछ

१४. नरहरिनाथ गाउँपालिका बासीहरुलाई एक घर एक धारा कार्यक्रम अन्तर्गत बाकिँ रहेका घरधुरीहरुलाई स्वच्छ खानेपानीको प्रार्याप्त आपुर्तिका गर्नका लागि संघिय सरकार, प्रदेश सरकार र गैरसरकारी सेवा प्रदाय संस्थाहरुसँग सहकार्य गरि स्वच्छ खानेपानीको व्यवस्था गरिनेछ ।

१५. कृषि तथा कृषि जन्य पदार्थलाई बजारीकरण गर्न खाद्य संस्थान सँग र नागरिकहरुलाई घरआगनमै नुनको सेवा उपलब्ध गराउनका लागी साल्ट ट्रेडिङ्ग लिमिटेड संग समन्वय गरि यसै आर्थिक बर्ष भित्र सेवा संचालनमा ल्याइने छ।

१६. गाउँपालिकाको केन्द्र कुमालगाउँ, सैनेखोला रुप्सा र सर्गा रुप्सा सडक खण्डमा रहेको कडा चट्टान भागलाई विस्फोट गर्न नेपाली सेना सँग समन्वय तथा सहजिकरण भई कडा चट्टान बिस्फोट गर्ने आवश्यक प्रक्रियामा अगाडि बढाईने छ

**१७. विपन्न नागरिक सँग अध्यक्ष कार्यक्रम र कृषक सँग उपाध्यक्ष कार्यक्रमलाई चालु आ.ब झै आगामी आर्थिक बर्षमा पनि निरन्तरता दिइनेछ ।**

१८. गाउँपालिका अन्तर्गत सञ्चालनमा रहेका संघिय सरकार र प्रदेश सरकारबाट प्राप्त भएका समपुरक र विशेष अनुदान बहुवर्षिय र स्रोत सुनिश्चितता प्राप्त योजनाहरु सम्पन्न हुने गरी प्राथमिकताका आधारमा रकम विनियोजन गरेर मात्र नयाँ योजनाहरुमा रकम विनियोजन गरिनेछ ।

१९. नरहरिनाथ गाँउपालिकामा रहेको व्याप्त बेरोजगारीलाई कम गर्न र आन्तरीक रोजगारी सिर्जना गर्न नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्धारा सञ्चालित **राष्ट्रिय रोजगार पवर्द्धन कार्यक्रम संञ्चालन र** कर्णाली प्रदेश सरकारद्धारा सञ्चालित **मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रमलाई** प्रभावकारी तथा थप रोजगारी सिर्जना गर्नका लागि प्राप्त साझेदारी बजेटको व्यस्था गरिनेछ ।

२०. नरहरिनाथ गाउँपालिकाको निर्माण भएको आवधिक गाउँ विकास योजना २०७८/०७९-२०८२/०८३ र मध्यकालिन खर्च संरचना, (MTEF) २०८१ पूर्ण रुपमा कार्यन्वयन गरिनेछ ।

२१. गाउँपालिकामा आवश्यकतताको आधारमा झोलुङ्गे पुल निर्माण गर्नका लागि विकास साझेदार संघ संस्थाहरु सँग आवश्यक समन्वय तथा साझेदारीका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

२२. सामुदायिक बिउ बैंक तथा जैविक कृषि प्रवर्द्धन कार्यक्रम मार्फत स्थानीय, रैथाने तथा उन्नत जातका कृषि बालीवस्तुको बीउ संकलन तथा संरक्षण गरी उत्पादन वृद्दि गरिनेछ।

२३. प्रत्येक बर्ष चैत्र २६ गतेलाई स्थानीय शहिद दिवसको उपलक्ष्यमा स्थानीय विदा दिइनेछ ।

**गाउँसभाका सदस्यज्यूहरू,**

**अव म विषयगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमती चाहन्छु ।**

**आर्थिक तथा रोजगार नीति**

- **कृषि, खाद्य तथा पशु नीति**

१. प्राङ्गारिक कृषि उत्पादनमा बृद्धि, हरित क्रान्तिमा आधारित सम्बृद्धि भन्ने नाराका साथ प्राङ्गारिक कृषि प्रणाली ( जस्तै एकिकृत शत्रु जिव व्यवस्थापन) को माध्यामबाट निर्वाहमुखी कृषि पेशालाई व्यावसायिक एवं प्रतिस्पर्धी बनाई कृषकको आय बढाउने नीति अवलम्वन गरिने छ ।

२. कृषि उत्पादन बिक्रिको सुनिश्तिता र निर्मित कृषि संरचनाको उपयोगका लागि प्रत्येक महिनाको १५ गते गाउँपालिकाको केन्द्र कुमालगाउँमा हाटबजार अभियान संचालन गरि प्रत्येक वडा कार्यालयमा थप बजारीकरण गर्नका लागि आवश्यक समन्वय तथा सहजिकरण गरिनेछ ।

३. कृषकको क्षमता अभिवृद्दिका लागि कृषकको मागमा आधारित स्थलगत तालिम संचालनका साथै समुहको गठन, पुनःगठन, परिचालन तथा व्यवस्थापनका कार्यक्रम संचालन गरिनेछ ।

४. पालिकामा संचालित सरकारी बिद्यालयहरुमा तरकारी तथा च्याउ खेती प्रविधि सम्बन्धी तालिम संचालन मार्फत दिवा खाजा व्यवस्थापनका लागि बिद्यालयमा नै उत्पादन गरि पोषण सुधारमा सहयोग गरिनेछ।

५. पालिकाको सम्भाव्यताको आधारमा मकै बाली प्रवद्धन कार्यक्रम, दलहन खेती, तरकारी बाली प्रवर्द्धन, मसला बाली प्रवर्द्धन, फलफूल बाली प्रवर्द्धन, मौरीपालन व्यावसाय तथा च्याउ खेती प्रवर्द्धन कार्यक्रम संचालन गरी उत्पादित बस्तुहरु निर्यातमा प्रवर्द्धन गरिनेछ।

६. माटो परिक्षण शिविर संचालन मार्फत कृषकको माटोको गुणस्तर परिक्षण गरि सोहि अनुरुप खेतिबाली लगाउन प्रत्साहित गरि बाली सुरक्षणको लागि बाली विमा कार्यक्रम संचालन गरिने छ ।

७. किसान सूचिकरण कार्यक्रमलाई निरन्तरता दिई वास्तविक किसानको पहिचान र बर्गीकरण गरी किसानको पहिचान स्थापित गरी सेवा उपलब्ध गराइने छ ।

८. पशुपालन ब्यबसायलाई थप गुणस्तरीय र उत्पादनमुखि बनाउन पशु उपचारात्मक सेवालाई प्रभाबकारी रुपले निरन्तरता दिईने छ साथै पशुपालक कृषकहरुको आयस्तर बृद्धि गर्न सीपमुलक पशुपालन सम्बन्धि तालिमको ब्यबस्था गरिने छ।
९. पशुपंक्षिको उत्पादनमा वृद्धि गराउन र पशु पोषणमा सुधार ल्याउन उन्नत जातका भाले पशु र  पोसिला डाले तथा भुई घाँसहरु वितरण गरिने छ
१०. पशुपालन व्यवसायलाई थप उत्पादन मुखि बनाउन उन्नत जातको भाले पशुको विर्य ल्याएर कृत्रिम गर्भाधानको कार्यलाई प्राथमिकता दिईनेछ ।
११. विभिन्न माहामारी रोगहरु जस्तै पि.पि.आर, खोरेत, रेविज, लम्पि स्किन, पार्भो र रानिखेतको प्रकोपलाई रोकथाम गर्न पशुपंक्षि खोप अभियान सञ्चालन गरिनुका साथै पशुपंक्षि उपचार सेवाको पहुचबाट टाढा रहेका पशुपंक्षिहरुको उपचारका लागी एकिकृत घुम्ति पशु स्वास्थ्य शिविर संचालन गरिनेछ ।
१२. गोठालो भत्ता, ददुधमा प्रोत्साहन जस्ता कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ।
१३. नरहरिनाथ गाउँपालिकामा कुन खेतिबालि गर्दा राम्रो उब्जाउ हुन्छ भनी माटो परीक्षण गरी किसानहरुलाई उक्त खेतिबाली गर्नका लागि कृषकलाई प्रोत्साहन गरिनेछ ।
१४. **एक घर एक तोरीबारी खेति** सञ्चालन गर्नका लागी गाउँपालिका बासिहरुमा आवश्यक समन्वय तथा सहकार्य गरिनेछ ।

**ग्रामिण उद्योग तथा व्यपार नीति**

१. उद्योग विकास शाखा नरहरिनाथ गाउँपालिकाद्धारा संचालित गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रममा स्थानिय स्तरमा खेर गइरहेको स्रोत साधनलाई मध्यनजर गर्दै समुदायको मागमा आधारित उद्यमशिलताको माध्यमबाट प्राविधिक सिप विकास तालिम संचालन गरिनेछ ।
२. नरहरिनाथ गाउँपालिकाका ९ वटै वडामा रहेको स्रोत साधनलाई प्रयोग गरी उद्यमशिलताको माध्यमबाट रोजगारी सृजना गर्न बाँस,निगालो,अल्लो, जुट, भाङ्, लोक्ता, केराको लोक्ता, बडु जस्ता रेसाबाट कपडा लगायत अन्य उत्पादन गर्नका लागि उद्योग सञ्चालन गरि गरिवी न्युनिकरणमा सहयोग पुग्ने उद्देश्यका साथ आवश्यकता पहिचानको आधारमा १ वडा १ उद्यमको स्थापना गरिने छ ।
३. नरहरिनाथ गा.पा.वडा नं. ४,५,७,८र ९ लाई लक्षित गरी व्यवसायिक मौरी पालन सम्बन्धी सिप विकास तालिम र  नं. ३ मा संचालन गरिएको बाँसका सामाग्री बनाउने तालिममा थप लगानी गरी बस्तुको गुणस्तरमा बृद्धी गरिने छ ।
४. गाउँपालिकास्तरमा रहेका व्यवसायिहरुलाई व्यवसाय सुधार तथा बिस्तार र क्षमता अभिबृद्धी तालिम संचालन गरीनुका साथै वडास्तरमा व्यवसाय दर्ता तथा नविकरणको लागि प्रत्येक वडामा २/२ दिन शिविर संचालन गरी संचालनमा रहेका व्यवसायलाई करको दायरामा ल्याइने छ ।
५. नरहरिनाथ गाउँपालिका वडा नं. १ देखी ९ नं. सम्मका सम्पुर्ण बजार क्षेत्रको बजार व्यवस्थापनको लागि आवश्यक पहल तथा सहजिकरणका साथै बजार अनुगमनका कार्य निरन्तर सक्रिय बनाइने छ ।
६. सीपमुलक व्यावसायिक तालिम संचालन गर्ने उक्त तालिम संचालन गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँग समन्वय, सहकार्य र साझेदारी गरिनेछ।

**पर्यटन नीति**

१. नरहरिनाथ गाउँपालिका वडा नं. ५ को खुरगाड धार्मिक स्थल हुदैं त्रीवेणि पाटन सम्म र अन्तरप्रदेश रामारोशन तालसम्म पद मार्ग निर्माण गरि पर्यटन प्रवर्द्धनमा विषेश जोड दिनइने छ ।
२. नरहरिनाथ गाउँपालिका अन्तर्गत निर्माणाधिन रहेका सहिद पार्कहरुलाई निर्माण गर्नका लागि थप निरन्तरता दिइनेछ।
३. नरहरिनाथ गाउँपालिका भित्र रहेका विभिन्न पर्यटकीय स्थलहरुको पहिचान गरि आवश्यक भौतिक संरचना निर्माणका गर्नका लागि प्रदेश सरकार र संघीय सरकारको सम्बन्धित मन्त्रालय समक्ष माग पेश गरिनेछ ।

४. गाउँपालिकाको वडा नं १ मा पर्ने वाउनलेख, फिल्के, खामाडाँडा हुदैं वडा नं. ५ मा पर्ने त्रिवेणी बडिमालिका सम्म पर्यटकीय पदमार्ग निर्माण गर्नका लागी संघीय सरकार र प्रदेश सरकार सँग आवश्यक पहल गरिनेछ ।

५. खुलालु, बसन्तपुर, बर्डथला, काडदेवपाल्ना, बर्जु रुपादेवी मन्दिर हुदैं रामारोशन ताल सम्म पर्यटकीय पदमार्ग निर्माण गर्नका लागी संघीय सरकार र प्रदेश सरकार सँग आवश्यक पहल गरिनेछ ।

**साझेदारी विकास**

१. गाउँपालिकामा क्रियाशिल गैर सरकारी संघ संस्थाहरुसँग समन्वय तथा सहकार्य गरी ठूला पूर्वाधार निर्माण योजनामा संघीय सरकार तथा प्रदेश सरकार र अन्य विकास साझेदार संघ सस्थाहरुसँग आवश्यक पहल तथा साझेदारी गरिनेछ।

२. गाउँपालिका र विभिन्न गैर सरकारी संघ संस्थाहरुबाट सञ्चालन हुने विभिन्न आयोजनाहरूको दोहोरोपना हटाउनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गैर सरकारी संघ संस्थाहरुको बजेट गाउँपालिकाको मुल बजेट तथा कार्यक्रममा समाबेश गरिनेछ।

३. विकास आयोजना सञ्चालनको लागि सार्वजनिक क्षेत्र, निजी क्षेत्र, गैरसरकारी तथा अन्तराष्ट्रिय गैरसरकारी संघ संस्था तथा समुदायसँग आवश्यक समन्वय तथा साझेदारी कार्यलाई निरन्तरता दिइनेछ ।

४. गाउँपालिका भित्र कार्यक्षेत्र भएका संघ संस्थाहरुले गरिरहेका काम कारबाहीको नियमित अनुगम गरि उक्त योजनाहरुको संघ संस्थाहरुले ३/३ महिनामा प्रगति प्रतिवेदन गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

**सामाजिक विकास नीति**

**शिक्षा नीति**

१. यस गाउँपालिकामा रहेका सामुदायीक तथा संस्थागत विद्यालयहरुको गुणस्तर बृद्धि गर्नका लागि गाउँपालिकास्तरिय अनुगमनमा स्थानीय सरकार, गाउँ शिक्षा समिति तथा शिक्षा यूवा तथा खेलकुद शाखाबाट प्रत्येक विद्यालयहरुको अनुगमन निरीक्षण गरि उत्कृष्ट विद्यालय, शिक्षक, कर्मचारी र प्रधानाध्यापक छनोट गरी सम्मान गरिनेछ साथै अनुगमनको प्रगति प्रतिवेदन मासिक रुपमा यस गाउँपालिकाको वेभसाईट मार्फत सार्वजनिक गरिनेछ।

२. **"शैक्षिक रुपान्तरणः जिवन मुल्य शिक्षा कार्यकम" अन्तर्गत "अभिभावक शिक्षा, मुल्यमुलक शिक्षा र विद्यार्थी सहभागितामुलक शिक्षा" कार्यक्रम संचालन गरिनेछ।**

३. प्राविधिक शिक्षा योजना निर्माण गरी कार्यान्वयन गर्नका लागि सम्बन्धित सरोकारवालहरु सँग समन्वय सहकार्य र साझेदारी गरिनेछ ।

४. नरहरिनाथ गाउँपालिका वडा नं .९ मा रहेको श्री जनप्रभात मा.वि. एवं प्राविधिक विद्यालयलाई १५ महिने कृषि बाली विज्ञानलाई ३ वर्षे बालिविज्ञान सञ्चालन गर्न तथा प्राविधिक शिक्षासुधार कार्यक्रम अन्तरगत समपुरक बजेटको लागि दातृ निकायसँग आवश्यक समन्वय तथा सहजिकरणका लागि पहल गरिने छ।

५. नरहरिनाथ गाउँपालिका वडा नं. ५ मा रहेको श्री जनता मा.वि.गुरूयोजना (DPR Master Plan) गराई सम्बन्धित निकाय संघीय सरकार, प्रदेश सरकार र विकास साझेदार संघ संस्था सँग बजेट माग गरिनेछ ।

६. शिक्षक तथा कर्मचारीहरुका लागि तालिम, विद्यालयमा खेलकुद मैदान, सशक्तीकरण, विद्यालयहरुको सङ्ख्या मर्ज तथा समायोजन गरि गुणस्तरीय शिक्षामा प्राथमिकता, पालिकास्तरिय नमुना विद्यालय बनाउन विशेष जोड, विद्यालयहरुलाई आई.सी.टी. मैत्री बनाउन सघीय सरकार, प्रदेश सरकार सँग आवश्यक समन्वय तथा सहिजिकरण गरिनेछ।

७. नरहरिनाथ गाउँपालिका भित्रका सामुदायीक विद्यालयमा अध्ययन गरेका आधारभूत तह कक्षा( ८ र १०) को परीक्षामा उत्कृष्ट हुने विद्यार्थीलाई उच्च शिक्षा अध्ययनका लागि नीति तयार गरी अध्यक्ष / उपाध्यक्ष सर्वोत्कृष्ट छात्रवृत्तिको व्यवस्था गरिने छ ।

८. गाउँपालिका भित्र सबै विद्यालयहरुमा कक्षा १ देखि ८ सम्म स्थानीय पाठ्यक्रम परिमार्जन गरी (स्थानीय भाषा र कला संस्कृति संरक्षण र पर्वद्धन ) गर्दै पठनपाठन गर्ने कार्यलाई निरन्तरता दिनुका साथै गाउँपालिकाको कला संस्कृति

जीवनशैलीमा आधारित विषयमा अनुभव आदानप्रदान गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय शैक्षिक संस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ।

९. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न शिक्षकहरुलाई प्रविधि मैत्री सिप विकास शिक्षण, कला, क्षमता विकास र असल अभ्यास शिक्षण सिकाइ आदान प्रदानका कार्यक्रम संचालन गरिनेछ।

१०. विद्यालयमा अध्ययनरत बालबालिकाको नेतृत्व विकास गर्न बालबिवाह तथा लागु पदार्थ दुर्व्यसनी नियन्त्रणका लागि बाल क्लबलाई सक्रिय बनाइनेछ।

**११. माद्यामिक विद्यालयमा स्वास्थ्य सुरक्षाका लागि विद्यालय नर्स कार्यक्रम सञ्चालनका गरिनेछ।**

१२. आधारभूत र मा.वि.तह शिक्षकको लागि शिक्षण सिकाई क्रियाकलाप सम्बन्धि अभिमुखीकरण तथा पुनर्ताजकीकरण तालिम सञ्चालन गरिनुका साथै वि.व्य.स. प्रधानाध्यापक र लेखा सम्बन्धि तालिम बैठक र गोष्ठीको सञ्चालन गरिनेछ।

१३. शैक्षिक सुधार र प्रविधिमैत्री शिक्षाको लागि सरोकारवाला निकायलाई नमुना विद्यालय अवलोकन भ्रमण कार्यक्रम गरिनेछ।

१४. माध्यमिक तह र आधारभूत तह चलेका कुनै २ विद्यालयलाई क्रमश नमुना मानी आलोपालो भौतिक पूर्वाधार लगायतका शैक्षिक सुधारका लागि नमुना विद्यालय (पालिका स्तरमा ) मानी बजेट विनियोजन गरिनेछ।

१५. तह मिलान दरबन्दी मिलान (विद्यालय स्तरमा) जस्ता शैक्षिक उन्नयनका कार्यक्रमहरुलाई पनि निरन्तरता दिइनेछ।

१६.किशोरी संवाद र बालबगैंचामा गरिने छलफल र सिकाईहरु थप किशोरी र बालबालीकाहरुमा पनि बिस्तार गराउनका लागि सम्पूर्ण सामुदायीक विद्यालयहरुले शुक्रबारिय कार्यक्रम अनिवार्य रुपमा सञ्चालन गर्नका लागि आवश्यक समन्वय तथा सहजिकरण गरिनेछ।

१७. यस बर्ष कालिकोट जिल्ला स्तरीय राष्ट्रपति रनिङ्गसिल्ड प्रतियोगिता रहगाड रंगशालामा संचालन गरिनेछ ।

**जनस्वास्थ्य नीति**

१. नरहरिनाथ गाउँपालिकामा रहेका सम्पूर्ण प्रसुति केन्द्रहरुबाट प्रेषण भएका सुत्केरी तथा गर्भवति आमाहरुलाई निःशुल्क एम्बुलेन्स सेवा प्रदान र जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, सहिद परिवारका व्यक्ति र विपन्न घरपरिवारलाई बिशेष छुटको व्यवस्थापन गरिनेछ ।

२. दिर्घरोगि स्वास्थ्य कार्यक्रम, बालमैत्री सेवा केन्द्र स्थापना, मनोसामाजिक परामर्श केन्द्र स्थापना साझेदारी स्वास्थ्य बिमा कार्यक्रम तथा विषेशज्ञ स्वास्थ्य शिविर कार्यक्रमका लागि आवश्यक्ताका आधारमा निरन्तरता दिइनेछ ।

३. सामुदायिक महिला स्वास्थ्य स्वयं सेविकाका लागि प्रोत्साहन भत्ता र मोबाइल स्वास्थ्यकार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।

४. सामाजिक सद्भावमा अभिबृद्धी गरी आफ्नो मौलिक चिकित्सा विविधको स्वतःस्फुर्त प्रयोगको माध्यमबाट असल राष्ट्रिय भावनालाई दिगो रुपमा जागृत गराई स्वास्थ्यको माध्यमबाट सामाजिक सद्भाव तथा राष्ट्रिय एकतामा टेवा पुर्याउनेछ।

५. योग ध्यानको माध्यमबाट नागरिकहरुलाई शारीरिक मानसिक एबम् आध्यात्मिक रुपमा स्वस्थ्य तथा सबल बनाई समग्र स्वास्थ्य सेवामा सुधार गरिनेछ।

६. स्वास्थ्य सेवा प्रर्वद्धन गर्न पालिका भित्रमा ९ वटै स्वास्थ्य संस्थाहरुको स्तरउन्नति गरि गाउँपालिका बासिको नियमित स्वास्थ्य जाच गर्न स्वास्थ्य शिविर निरन्तरता दिइनेछ ।

७. बिद्यालयमा बिद्यार्थीहरुलाई योग शिक्षा कार्यक्रम लागु गरि बिद्यार्थीको मानसिक तथा शारीरीक रुपमा सुधार ल्याउने जस्ता कार्यक्रम संचालन गरिनेछ ।

८. पंञ्चकर्म सेवाबाट जेष्ठ नागरिकलाई हुने बाथ आमबाथ जस्ता रोगको निदान गर्ने व्यवस्था मिलाईने छ ।

९. सबै स्वास्थ्य संस्थाहरुबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नका लागि भौतिक पूर्वाधार र प्रयोगशाला व्यवस्थापनमा जोड दिदै योगी नरहरिनाथ आधारभूत अस्पताललाई थप व्यवस्थित बनाइने छ ।

१०. स्वास्थ्य सेवाको अभिलेख तथा प्रतिवेदन व्यवस्थित तथ्यपरक र विश्वसनिय बनाउनका लागि आधुनिक विद्युतिय सुचना प्रविधिको प्रयोगमा जोड दिईने छ ।

११. नेपाल सरकारको पहिलो प्रथमिकता परेका कार्यक्रमलाई व्यवस्थित गर्न सुरक्षित मातृत्व कार्यक्रम मातृ शिशु पोषण कार्यक्रम पूर्ण खोप सुनिश्चितता कार्यक्रमलाई प्रभावकारी बनाई वञ्चितिकरणमा परेका समुदायलाई स्वास्थ्य सेवाको पहुँचमा ल्याउने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१२. सङ्क्रामक रोग जनस्वास्थ्य विपद् र महामारीबाट स्वास्थ्यमा पर्न सक्ने असर न्यूनिकरण गर्न रोकथाम निगरानी नियन्त्रण र व्यवस्थापन गरिनेछ ।यसका लागि पूर्व तयारि प्रतिकार्य तथा पुनःस्थापना गर्न चिकित्सक सहित दुर्त प्रतिकार्य टोलि गठन र परिचालनको व्यवस्थापन मिलाइने छ

१३. घरदैलो नागरिक स्वास्थ्य परिक्षण कार्यक्रमलाई प्रभावकारी बनाउदै अगाडि लगिनेछ ।

१४. गाउँपालिकाबाट संचालन गरिएको एम्बुलेन्स सेवालाई निरन्तरता गर्दै सर्भसुलभ र थप व्यवस्थित गरिनेछ ।

१५. छरिएर रहेका वस्तिहरुमा स्वास्थ्य सेवा प्रवाह गर्न एकिकृत स्वास्थ्य शिविर संचालन गरि नसर्ने रोगको पहिचानमा जोड दिदै उपचार पद्धतिलाई निरन्तरता दिइनेछ।

१६. मातृ तथा नवशिशु मृत्यूदर लाई उल्लेखनिय रुपमा घटाई दिगो विकास लक्ष्य पूरा गर्नको लागि ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रमलाई सुदृढिकरण गरि प्रत्येक गर्भवतिले ३ पटक सम्म निशुल्क भिडियो एक्स रे गरि समस्या पहिचान भएका गर्भवति तथा सुत्केरीलाई प्रेषणको व्यवस्थापन गरिनेछ।र प्रसुति केन्द्रहरुलाई थप व्यवस्थित गरिनेछ ।

१७. सुरक्षित मातृत्व बाल स्वास्थ्य पोषण खाद्य स्तरोन्नति लगायत प्रवर्द्धनात्म प्रतिकारात्मक उपचारात्मक र पुनर्स्थापनाका कार्यक्रम तथा प्राणघातक रोग क्यान्सरबाट जोगाउन गाउँपालिका भरि स्कृनिङ्ग शिविर र महिलाहरुमा देखिने गरेको पाठेघर मुखकको क्यान्सर रोकथाम गर्न स्कृनिङ्ग तथा खोप अभियानलाई व्यवस्थित र निरन्तरता गरिनेछ ।

१८. नरहरिनाथ गाउँपालिकामा संचालनमा रहेका नीजी मेडिकल क्लिनिकहरुको नियमन गरी नियमानुसार दर्ता गरि करको दायरामा ल्याउन पहल गरिनेछ ।

१९. स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजि क्षेत्र गैर सरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ ।

**पोषण मैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रम**

१. गाउँपालिकालाई पोषणमैत्री स्थानीय तह घोषणा गर्नका लागि लक्षित कार्यक्रम सञ्चालनका लागि सङ्घीय सरकार, प्रदेश सरकारबाट प्राप्त हुने अनुदानको अवला स्थानीय तहबाट समेत थप श्रोत विनियोजन गरिनेछ ।

२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्था तथा नेपाल सरकारको बहुक्षेत्रीय पोषण योजना तेस्रोको लक्ष्य, उद्देश्य कार्यान्वयन गर्दै मानव जीवनचक्रमा पोषणको अवस्था सुधारको लागि पोषण विशेष तथा पोषण संवेदनशील सेवाको उपलब्धता, गुणस्तर सुधार तथा समतामूलक पहुँच र उपभोगको सुनिश्चितता गर्न लक्षित वर्ग केन्द्रीत पोषण सुधारका अभियान सञ्चालन गरी पोषणमैत्री स्थानीय शासनको प्रवर्द्धन गरिनेछ।

**खानेपानी तथा सरसफाई नीति**

१. गाउँपालिकालाई पूर्ण सरसफाईयुक्त बनाउन साझेदार संस्थाहरुसंग समन्वय गरि विभिन्न जनतेतनामुलक कार्यक्रमहरु सन्चालन गरिनेछ ।

**२. खानेपानी मुहान संरक्षणमा विशेष जोड दिइनेछ साथै सुकेका मुलहरु पुनः पहिलेकै अवस्थामा फर्काउन आवश्यक कार्यक्रम संचालन गरिने छ ।**

३. गाउँपालिका भित्रका सम्पुर्ण खानेपानीका योजनाहरुको NWASH Plan तयार गरेर NWASH प्रणालीमा प्रविष्ट गरि सुरक्षित तथा स्वच्छ खानेपानीको ल्याव सेवा संचालन गरि स्वच्छ खानेपी वितरणका लागि पानी शुद्धिकरण गर्ने कार्यक्रम सन्चालन गरिने छ ।

४. उपायाँडाँडा भौतेखोला भण्डारा तुर्के खोला डिके सम्मको खानेपानी आयोजनालाई निरन्तरता दिई संघिय सरकार तथा प्रदेश सरकार संग आवश्यक समन्वय तथा सहजिकरण गरि खानेपानीको भौतिक निर्माण कार्यको थालनी गरिने छ ।

**संस्कृति तथा सम्पदा नीति**

१. योगी नरहरिनाथको नामबाट गाउँपालिकाको नामाकरण घोषणा गरिएको हुदाँ प्रशासकीय भवन नजिकै राष्ट गुरु योगी नरहरिनाथको शालिक निर्माण गरिनेछ ।

२. नरहरिनाथ गाउँपालिका भित्र बोलिने विभिन्न जातजातिका मातृ भाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको लिपी तथा व्याकरण लेखन तथा प्रकाशन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३. यस गाउँपालिका भित्रको सांस्कृतिक संरक्षण गर्दै नाट्यकला, ललितकला, हस्तकला, संगित कला, लोक साहित्य, बाल साहित्यको विकास गर्दै डिजिटल लाइबेरी र साहित्य कला केन्द्रका साथै योगी नरहरिनाथ प्रज्ञा प्रतिष्ठानको स्थापना गर्नका लागि आवश्यक पहल गरिनेछ ।

४. नरहरिनाथ गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँक्रि सहित प्रदर्शन गरि राष्ट्रिय लोकबाजाको संरक्षण गर्ने नीति लिइनेछ।

५. रुप्सामा मनाइने पुष्पाञ्जली शरद मेला र लालुमा मनाइने संगम साँस्कृति गानेचौर घाँसे मैदान मेलालई थप प्रवर्द्धन गरिनेछ ।

६. गाउँपालिकाका ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक सांस्कृतिक सम्पदाको पहिचान तथा संरक्षणको लागि तथ्याङ्क संकलन तथा अभिलेखीकरण गरि प्रकाशित गरिनेछ ।

**महिला बालबालिका, तथा जेष्ठ नागरिक समाज कल्याण ईकाइ**

१. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण सम्बन्धी नीति निर्माण गरि विपन्न दलित, एकल महिला अपाङ्गता भएका व्यक्ति हिंसा पिडित महिलालाई आय आर्जन सहितको तालिम र नेतृत्व तहमा पुग्न क्षमता विकासका साथै सशक्तिकरणको लागि चेतनामूलक कार्यक्रम संचालन गरिनेछ।

२. जोखिममा रहेका तथा अपाङ्गता भएका वालवालिकालाई आवश्यक सेवा प्रवाह संचालन गरिनुका साथै प्रत्येक वडामा रहेका बाल क्लवलाई पुनर्गठन गरी बाल क्लवका पदाधिकारीहरुलाई क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।

३. बालश्रममुक्त स्थानीय तह, बालमैत्रि स्थानिय तह घोषणा कार्यक्रमलाई विशेष अभियानको रुपमा संचालन गरिनेछ साथै महिनावारी स्वच्छता व्यवस्थापनको बारेमा सचेतना अभिवृद्धि गरिनेछ ।

४. अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन, २०७४ र नियमावली, २०७७ बमोजिम अपाङ्गता भएका व्यक्तिहरुको अपाङ्गता पहिचान गरि वितरण तथा अद्यावधिक गरिनेछ ।

५. अपाङ्गता भएका व्यक्तिहरुको स्वरोजगारीको लागि मागमा आधारित उद्यमशीलता विकास तालिम, संचालन गरिनेछ । साथै अपाङ्गता भएका व्यक्ति तथा अपाङ्गता भएका व्यक्तिहरु द्वारा खोलिएका संस्था तथा स्वयमं अपाङ्गता भएका व्यक्तिहरुलाई कृषि अनुदान कार्यक्रममा प्राथमिकता दिने ।

६. गाउँपालिकामा रहेका अपाङ्गता भएका तथा जोखिममा रहेका बालबालिकाको उपचार गर्न बाल कोषलाई कार्यन्वयनमा ल्याइ उपचार सहायक सामाग्री, कृतिम अङ्ग उपलब्धको लागि साझेदार संघ संस्थाहरुसँग पहल गरिनेछ ।

७. अपाङ्गता परिचय पत्र वितरण समन्वय समितिलाई समन्वय समितिको काम, कर्तव्य, अधिकार र राष्ट्रिय तथा अन्तराष्ट्रिय नीति नियम सम्बन्धी अभिमुखिकरण तालिम संचालन गरिनेछ ।

८. एक वडा एक खेल मैदान, एक वडा एक बाल उद्यान निर्माण कार्यका लागि आवश्यक पहल गरिनेछ ।

**पूर्वाधार विकास**

**सडक पूर्वाधार सम्बन्धी नीति**

१. गाउँपालिका भित्र रहेका सम्पूर्ण सडकहरुको गुरुयोजना निर्माण गरी गाउँपालिका भित्र भएका सम्पुर्ण पूर्वाधारहरुको डिजिटल प्रोफाइल तयार गरी एकीकृत विवरण संकलन गरिनेछ ।

२. गाउँपालिका भित्र रहेका समुदाय देखि विद्यालय, स्वास्थ्य संस्था, वडा कार्यालय देखि गाउँपालिका सम्म निर्माण गर्न बाकिँ रहेका घोरेटो बाटोहरुको स्तरवृद्धि गरी PCC गरिनेछ ।

३. गाउँपालिका भित्र रहेका अपुरा अधुरा तथा अन्य योजनाहरुलाई पुरा गर्न संघिय सरकार प्रदेश सरकार र अन्य विकास साझेदार निकायहरु सँग बजेटको लागि आवश्यक माग गरिनेछ ।

४. गाउँपालिका बासिहरुलाई निरन्तर रुपमा सहज यातायातको पहुँचमा पुर्‍याउनका लागि लालीघाट हुदैं गाउँपालिकाको केन्द्र सम्म खुलालु लालु हुदैं वडा नं ९ वडा नं ६ र ७ को धाँचु सम्म र वडा नं. ५ चसु देखि भेरे खोला सम्म निर्माण गरिएका सडकहरुको स्तरोन्ती गरी बाह्रै महिना संचालन गर्नका लागि आवश्यक सहजिकरण गरिनेछ ।

५. निर्माणधिन अवस्थामा रहेका विभिन्न सडक, पर्यटकिय मार्ग, भवन लगायत अन्य भौतिक निर्माणका कार्यलाई निरन्तरता दिइनेछ ।

६. कर्णाली राजमार्गको खुलालु पूल नजिकै गाउँपालिकाको प्रवशद्वार निर्माण गरिनेछ

७. गाउँपालिका देखि माल्कोट र लालु जोड्ने सडक अन्तर्गत सर्गामा पक्की पुल निर्माणका लागी आवश्यक पहल गरिनेछ।

**नापी सम्बन्धी नीति**

१. गाउँपालिकामा सम्पूर्ण भूमिको नापजाँच, वर्गीकरण र अभिलेखीकरण कार्यलाई प्राथमिकता दिईनेछ साथै नागरिकमा भूमिसम्बन्धी कानुनी जानकारी मालपोत कर, अंशबण्डा, कित्ताकाट र नामसारी गर्दा हुने कानूनि प्रक्रिया आदिका विषयमा अभिमुखिकरण तथा सचेतनामूलक कार्यक्रम सचालन गरिनेछ।

२. गाउँभित्र भित्र निर्माण भएका सडक, सार्वजनिक सेवा र संरचना निर्माणसँग भूमि अभिलेख अद्यावधिक र लगत कट्टा समायोजन गर्ने व्यवस्था लागू गरिनेछ।

३. कमजोर वर्ग, महिला, दलित तथा सीमान्तकृत समुदायलाई लक्षित गरी निःशुल्क वा अनुदानमा भूमिसम्बन्धी सेवा प्रदान गर्ने ।

४. रोड लगत कट्टा प्रक्रिया हालसम्म पनि लगत कट्टा नगरिएको भुमिमा बाटोको लगत कट्टा गर्नका लागि आवश्यक समन्वय तथा सहजिकरण गरिनेछ ।

**सूचना तथासंचार सम्बन्धी नीति**

१. नरहरिनाथ गाउँपालिकामा वडा नं १,२,३ र गाउँपालिकाको केन्द्र कुमालगाउँ सम्म अप्टिकल फाइबर ईन्टरनेट जडान भइ सेकेको र बाकिँ रहेका वडा नं ४,५,६,७,८,९ को कार्यालय, विद्यालय र स्वास्थ्य संस्थाहरुमा आगामी आर्थिक बर्ष भित्र अप्टिकल फाइबर (Optical Fiber) को जडान गरेर सेवा ग्राहीलाई सहजता पुर्वक सेवा पुर्याइने छ ।

२. नरहरिनाथ गाउँपालिकाको प्रशासनीक भवनमा नयाँ बर्ष २०८२ बैशाख १ गते देखि सूचना प्रविधि विभागसँग समन्वय र सहकार्य गरि ई-हाजिरि जडान गरि पूर्ण रुपमा संचालनमा ल्याइएको र बाकिँ वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा आगामी आर्थिक बर्षबाट ई-हाजिरि जडानका लागि आवश्यक समन्वय तथा सहजिकरण गरि ई-हाजिरी जडान गरिनेछ।

३. आगामी आर्थकि बर्ष २०८२/८३ को साउन महिना देखि खरिद गरिएका विभिन्न सफ्टवयेर **(दर्ता चलानी, योजना तथा कार्यक्रम व्यवस्थापन सम्झौता प्रणाली, बैठक प्रणाली, मासिक प्रगति प्रतिवेदन प्रणाली, जेष्ठ नागरिक/अपाङ्ग व्यक्ति विवरण अभिलेख प्रणाली)** सञ्चालनका गर्नका लागि आवश्यक बजेट विनियोजन गरि सूचना प्रविधि सम्बन्धी वडा सचिव र शाखा प्रमुखहरुलाई क्षमता विकास तालिमको व्यवस्था गरि पूर्ण रुपमा सञ्चालनमा ल्याइने छ ।

४. यस नरहरिनाथ गाउँपालिका अन्तर्गत रहेका नेपाल टेलिकमको टावरमा हुने समस्याको समाधानका लागि नेपाल टेलिकमको कार्यालय सँग आवश्यक पहल गरि 4G समस्याको समाधान गरिनेछ ।

५. गाउँपालिकामा संचालनमा रहेको रडियो सुनथराली एफ.एम ९०.६ मेगाहर्ज लाई थप प्रभावकारी रुपमा संचालन गरिनुका साथै रेडियोमा कार्यरत कर्मचारीहरुको हेरफर गरिनेछ ।

**ऊर्जा विकास सम्बन्धि नीति**

१. नेपाल विद्युत प्राधिकरणको राष्ट्रिय प्रशारण लाइन हाल सम्म वडा नं. १, २, ३, ४, ६, ८ र ९ मा संचालनमा रहेको प्रसारण लाइनलाई सबै वडाहरुमा विस्तार गर्नका लागि नेपाल विद्युत प्राधिकरण सँग समन्वय तथा सहकार्य गरेर यसै

आर्थिक बर्षमा राष्ट्रिय विद्युत प्रशारण लाइन सबै वडामा विस्तार गरि नागरिकलाई विद्युतको पहुँचमा पुर्याइने गरिनेछ ।साथै मिटर वितरणका गर्नका लागि नेपाल विद्युत प्राधिकरण कालीकोट वितरण केन्द्र सँग आवश्यक पहल गरिनेछ

२. नरहरिनाथ गाउँपालिका वडा नं. ७ मा सञ्चालनमा रहेको उच्छवखोला जलविद्युत आयोजनाको विस्तारका लागि आवश्यक समन्वय तथा सहजिकरण गरिनेछ।

३. बैकल्पीक ऊर्जा प्रर्वद्धन केन्द्रसँग आवश्यक पहल गरी यस गाउँपालिकामा रहेका स्वास्थ्य संस्था शैक्षिक संस्थाहरुमा सौर्य ऊर्जा मागका लागि आवश्यक पहल गरिनेछ ।

**श्रम, रोजगार तथा सामाजिक सुरक्षा नीति**

१. यस नरहरिनाथ गाँउपालिकामा रहेका व्याप्त बेरोजगारीलाई कम गर्न र आन्तरीक रोजगारी सिर्जना गर्न नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्धारा सञ्चालित **राष्ट्रिय रोजगार पवर्द्धन कार्यक्रम संञ्चालन र** कर्णाली प्रदेश सरकारद्धारा सञ्चालित **मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रमलाई** प्रभावकारी तथा थप रोजगारी सिर्जना गर्नका लागि प्राप्त साझेदारी बजेटको व्यस्था गरिनेछ ।

२. श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्दै श्रमलाई सम्मान गर्ने परिपाटी बसाल्नका लागि **श्रमको सम्मान राष्ट्रको अभियान**लाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

३. वैदेशिक रोजगारीका लागि विदेशियका र फर्किएका व्यक्तिहरुको लगत संकलन गरि फर्किएका व्यक्तिहरुको अनुभव ज्ञान र सीप क्षमताको पहिचान गरी आन्तरिक रोजगारी पर्वद्धनका लागि **उध्यमशिलता पर्वद्धन कार्यक्रम** संचालन गरिनेछ

४. वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्न वैदेशिक रोजगार विभाग र श्रम कार्यालयबाट प्रदान गरिदै आएको श्रम स्वीकृति र पुनःश्रम स्वीकृति प्रदान गर्न पालिकाबाट समन्वय र सहकार्य गर्ने नीतिलाई निरन्तरता दिइनेछ

**वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धि निति**

१. दिगो बिकासका लक्ष्यहरुलाई आत्मसाथ गर्दै वन,वातावरण तथा जलवायु परिवर्तका अनुकुलनता कार्यहरु अवलम्वन गर्नुका साथै जैविक विविधताको संरक्षण गरिनेछ।

२. वन स्रोतको संरक्षण, व्यवस्थापन तथा सदुपयोगबाट स्थानिय समुदायको सहभागिता अभिवृद्धि गर्दै वन पैदावरबाट प्राप्त राजस्वले गाँउपालिकाको आर्थिक बिकासमा योगदान पुर्याईनेछ।

३. गाँउपालिकामा कम्तिमा एउटा नर्सरी स्थापना गरि वन विकास तथा सडक, नदि र सार्वजनिक जग्गाहरुमा सरोकारवाला निकायहरुको साझेदारीमा वृक्षारोपण गरिनेछ।

४. गाँउपालिकाका सबै वडाहरुमा रहेका सामुदायिक वनहरुलाई संरक्षण गर्नका लागि सामुदायिक वन उपभोक्ता समिति गठन गरि क्षमता विकासका तालिम संचालन गरिनुका साथै उक्त उपभोक्ता समितिमा प्राप्त भएको राजश्व केही प्रतिशत गाउँपालिकामा दाखिला गर्नका लागी आवश्यक सहजिकरण गरिनेछ ।

**विपद् व्यवस्थापन नीति**

१. आकस्मिम रुपमा आइपर्ने माहामारी तथा विपद्जन्य विभिन्न रोग ब्यादि, बाढी पहिरो र हावाहुरीलाई आकस्मिक रुपमा व्यवस्थापन गर्न प्रत्येक वडामा विपद् व्यवस्थापन समिति गठन गरि परिचालन गरिनेछ ।

२. स्थानिय विपद् जोखिम न्यूनिकरण रणनितिक कार्ययोजना तथा विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना तयार भई जोखिमलाई न्यूनिकरण गर्दै लगिने छ साथै स्थानिय विपद् तथा जलवायु उत्थानशिल योजना (LDCRP) २०८० अद्यावधिक गरि पुर्ण रुपमा कार्यान्वयनमा ल्याइनेछ।

३. नरहरिनाथ गाउँपालिका वडा नं. ५ को कालाखोलामा गत बर्षको बाढी पहिरो आई उच्च जोखिममा र बस्तिलाई पुनःस्थापना गर्न र पूर्ण क्षति भएका घर पुनःस्थापना गरि पुनःनिर्माण गर्ने र भौगोलिक उच्च रिपोटको आधारमा लिई तटबन्धन पुनःनिर्माण र बृक्षारोपण गरिनेछ ।

४. नरहरिनाथ गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रमहरुलाई जलवायु र विपद् व्यवस्थापन मैत्री बनाउदै लगिनेछ

५. पालिकाभित्र जलवायु र विपद् सम्वन्धि कार्य गर्ने विकास साझेदार संस्थाका कार्यक्रमहरु एकिकृत गरी जलवायुमैत्री, जैबिक बिविधता संरक्षणमा केन्द्रित गर्दै दिगो वातावरण उन्मुख बनाउन पहल गरिनेछ । साथै यस गाउँपालिकाको १७ औं गाउँसभावाट नरहरिनाथ गाउँपालिकालाई जलवायु उत्थानशिल गाउँपालिका घोषणा गरिएको छ ।

६. नरहरिनाथ गाउँपालिमा रहेका प्रत्येक वडाहरुमा खोज उद्धार तथा कृत्रिम घटना अभ्यासका सामाग्रीहरुको व्यवस्थापन तथा भण्डारण गरि विपद्को जोखिम न्युनिकरण गर्नका लागि बायोइञ्जिनियरिङको अवधारणालाई अवलम्वन गरिनेछ ।

७. गाउँपालिकामा कार्यक्षेत्र भएका विभिन्न संघ सस्थाहरुको सहयोगमा गठन भएका सामुदायिक विपद समितीहरुलाई क्षमता बिकास तालिम संचालन गरिनेछ ।

८. पारिवारिक तथा सामुदायीक विपद् पूर्व तयारी योजना तयार गरि पूर्ण रुपमा कार्यान्वयन गरिनेछ ।

**सहकारी सम्बन्धी नीति**

१. नरहरिनाथ गाउँपालिका भित्र सेवा प्रवाह गरिरहेका सबै सहकारी संस्थाहरुलाई प्रभावकारी रुपले अनुगमन तथा नियमन गरिनेछ ।

२. सहकारी संस्थाका विभिन्न समिति जस्तै सँचालक समिति, लेखा समिति र शिक्षा समिति तथा कर्मचारीहरुलाई सीपमुलक तालिम सञ्चालन गरिनेछ ।

**संस्थागत विकास तथा सुशासन नीति**

१. **स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम नरहरिनाथ गाउँपालिकाको नाम संशोधन गरी योगी नरहरिनाथ गाउँपालिका** बनाउनका लागि प्रदेश सरकार र संघीय सरकार सँग आवश्यक समन्वय तथा सहजिकरण गरिनेछ ।

२. नरहरिनाथ गाउँपालिकालाई नगरपालिका बनाउनका लागी आवश्यक पर्ने न्यूनतम मापदण्ड भौतिक पूर्वाधार लगायत अन्य विकासका पूर्वाधारहरु निर्माण गर्न आवश्यक पर्ने बजेटका लागी प्रदेश सरकार र संघीय सरकारसँग पहल गरिनेछ

३. नरहरिनाथ गाउँपालिका वडा नं. २ मा निर्माण गर्न लागिएको औघोगिक ग्रामको DPR तयार भई सकेको हुदाँ यसै आर्थिक बर्षमा औघोगिक ग्राम निर्माण गर्नका लागी आवश्कय पहल गरिनेछ ।

४. नरहरिनाथ गाउँपालिकाका नागरिकहरुलाई सेवा प्रवाह छिटोछरितो र पारदर्शिताका लागि कर्मचारी र जनप्रनिधिहरुलाई क्षमता विकास अन्तरप्रदेश भ्रमण कार्यक्रमहरु सञ्चालन गरिनेछ।

५. गाउँपालिकाको स्वीकृत दरबन्दी तेरिज अनुसार प्रत्येक पदको कार्यसम्पादन सम्झौता तयार गरी सम्बन्धित कर्मचारीको कार्यसर्त विवरण तयार गरि पुर्ण रुपमा कार्यान्वयन गरिनेछ ।

६. गाउँपालिकामा कार्यरत करार कर्मचारी, अनुदान करार शिक्षक, स्वास्थ्यकर्मी, विद्यालय कर्मचारीहरुलाई पोषाक भत्ता व्यवस्थापन गरिनेछ ।

७. करदाता शिक्षा, राजश्व शिविर सञ्चालन तथा बजार अनुगमन उपभोग्य तथा अत्यावश्यक बस्तु र सेवाको कालोबजारी कृतिम अभाव सृजना अस्वभाभिक मूल्य बृद्धि लगायतका कार्यहरुको नियमन तथा नियन्त्रण गरिनेछ ।

८. यस गाउँपालिका भित्र रहेका वडा कार्यालय र अन्य शाखा तथा उप-शाखाहरुबाट खरिद गरिने सम्पूर्ण सामाग्रीहरु खरिद गर्न बार्षिक खरिद गुरु योजना र खरिद योजना तयार गरि सार्वजनिक खरिद ऐन/नियमावली बमोजिम सम्बन्धित कार्यालय वा शाखाहरुबाट खरिद प्रकृया अगाडी बढाइनेछ ।

९. सेवा प्रवाहमा पार्दशिता, जवाफदेही र उत्तरदायित्व, प्रभावकारी र गुणस्तरीय बनाई सार्वजनिक पदाधिकारीहरूमा जिम्मेवार बन्ने संस्कार बसाउन तथा नागरिकहरुको सन्तुष्टिलाई मुखरित गर्न प्रत्येक त्रैमासिकमा १ पटक सार्वजनिक सुनुवाइ कार्यक्रम संचालन गरिनेछ ।

१०. गाउँपालिकाको स्वीकृत दरबन्दीमा रिक्त रहेका पदका लागि स्थायी कर्मचारी पदपूर्तीको लागि प्रदेश लोक सेवा आयोग कर्णाली प्रदेशमा माग गरिनेछ।

११. गाउँपालिकाले न्यायिक समिति मार्फत स्थानीय सरकार सञ्चालन ऐन,२०७४ तथा प्रचलित अन्य कानून बमोजिम आवश्यक प्रक्रिया पुऱ्याई यथासमयमा न्याय दिने व्यवस्था मिलाइनेछ ।

१२. गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा रहेको न्यायिक समितिलाई थप प्रभावकारी बनाउन न्यायिक इजलासको स्थापना गरी मुद्दाहरूलाई यथाशीघ्र फछ्र्यौट गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

१३. यस आर्थिक बर्षमा विनियोजन गरिने बजेटलाई सम्बन्धित वडाको जनसंख्या, भुगोल, राजश्वको क्षमता, विकासको अवस्था तथा आवश्यकता समेतको आधारमा बजेट विनियोजन गर्ने व्यवस्था मिलाइनेछ।

१४. नरहरिनाथ गाउँपालिका वडा नं १ अन्तर्गत लालीघाट देखि गाउँपालिकाको केन्द्र सम्म संचालनमा रहेका, खुलालु देखि वडा नं. ९ र खुलालु देखि धाँचु सम्म संचालनमा रहेका यातायातका साधनहरुको भाडादर आगामी साउन महिना भित्र कायम गरि पूर्ण रुपमा कार्यान्वयन गरि नागरिकहरुलाई यातायातको सहज सेवा प्रदान गरिनेछ।

१५. सेवा केन्द्रका रुपमा सेवा प्रवाह गरिरहेका वडा कार्यालयहरुको काम कारबाहिलाई थप प्रभावकारी र अधिकार सम्पन्न बनाउन थप कर्मचारी भौतिक पूर्वाधार तथा आवश्यक स्रोत साधनको व्यवस्था मिलाइने छ ।

१६. ऐन, कानून, नियमावली र कार्यविधि संशोधन गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

**सामाजिक सुरक्षा तथा व्याक्तिगत घटना दर्ता नीति**

१. सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमलाई प्रभावकारी र पार्दशिक बनाउन वास्तविक लाभग्राही सुनिश्चितताका लागि राष्ट्रिय परिचयपत्र नम्वर अद्यावधिक गरी अनिवार्य रुपमा वायोमेट्रिक भेरिफिकेशन कार्य चालु आ.व को माघ महिना देखि सञ्चालन गरिसकेको हुदाँ आगामी आ.व को सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले भाद्र महिनाको मसान्त सम्ममा सम्पूर्ण लाभग्राहीहरुको बायोमेट्रकी रुजु गर्नका लागि वडा कार्यालयहरु सँग आवश्यक समन्वय तथा सहजिकरण गरिनेछ ।

२. व्याक्तिगत घटना दर्ता प्रणालीलाई सतप्रतिशत अनलाइनमा गर्न वडा, टोलमा व्याक्तिगत घटना दर्ता सम्वन्धि जनचेतना मुलक कार्यक्रम संचालन गर्न र प्रत्येक बर्ष बैशाख महिनाको पहिलो साता मनाइने व्याक्तिगत घटना दर्ता सप्ताह कार्यक्रम संचालन गरिनेछ।

३. सामाजिक सुरक्षा तथा व्याक्तिगत घटना दर्ता र बायोमेट्रिक भेरीफिकेशन रुजु सम्वन्धी स्थानीय पञ्जिकाधरकारीहरुलाइ क्षमता विकास तालिम संचालन गरिनेछ ।

**राजस्व तथा वित्त सम्बन्धी नीति**

१. कर प्रणालीको डिजिटलीकरण (e-tax system) को पूर्ण कार्यान्वयन गरि करदाताको दर दायरा फराकिलो बनाई गाउँपालिकाको आन्तरिक आयश्रोतमा वृद्धि गरिनेछ ।

२. आगामि आर्थिक बर्षमा राजश्व सुधार कार्ययोजना तयार गरि पुर्ण रुपमा कार्यान्वय गरिनेछ ।

३. कर सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने (विद्यालय, कलेज, मिडिया) कर तिर्ने संस्कारला ई नागरिक दायित्वको रूपमा स्थापित गरिनेछ।

४. प्रविधिमैत्री स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) मार्फत राजश्व संकल्न भइरहेको व्यवस्थालाई थप प्रभावकारी रुपमा कार्यान्वयन गरि राजश्वको दर र दायरा विस्तार गरि राजश्व वृद्धि गरिनेछ ।

५. आन्तरिक राजस्व अनुगमन, मूल्यांकन तथा संकलन प्रणाली व्यवस्थित गराउन राजश्व परामर्श समितीको क्षमता अभिवृद्धी सम्वन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

६. नदिजन्य पदार्थ ढुङ्गा गिट्टी, बालुवाको खुल्ला प्रतिस्पर्धा टेन्डर आव्हान गरि राजश्व संकलन गरिनेछ । ।

**आदरणीय गाउँसभा सदस्यज्यूहरु,**

आर्थिक वर्ष २०८२/८३ का लागि प्रस्तावित नीति तथा कार्यक्रमले समृद्ध र सबल गाउँपालिका निर्माण गर्ने सङ्कल्पलाई साकार तुल्याउन महत्वपूर्ण योगदान पुग्ने विश्वास लिएको छु। प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयनबाट हालसम्म हासिल भएका राजनीतिक, सामाजिक तथा आर्थिक उपलब्धि संस्थागत हुनुको साथै आगामी दिनमा विकास प्रक्रियामा थप गतिशीलता आउने र प्रभावकारी एवम् नतिजामुखी सेवा प्रवाहमार्फत सुशासनको प्रत्याभूति हुने कुरामा दृढ विश्वास व्यक्त गर्दछु। अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमाको क्रममा सुझाव र सहयोग प्रदान गर्नुहुने राजनीतिक दल, जनप्रतिनिधिहरू, राष्ट्रसेवक कर्मचारी, बुद्धिजीवी, सहकारी एवम् निजी क्षेत्र, गैरसरकारी संघसंस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदारहरू, आम सञ्चारजगत, नागरिक समाज, उद्योगी, व्यवसायी, किसान, श्रमिकवर्ग र सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरूप्रति हार्दिक आभार व्यक्त गर्दै प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनको लागि सबैबाट सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दछु।

**धन्यवाद ।।।**

**नगेन्द्र बहादुर विष्ट**
**अध्यक्ष**